Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# नेपालको कम्युनिस्ट आन्दोलनमा केन्द्रीय न्यूक्लस

**रामप्रकाश पुरी**

एमफिल लिड पी.एच.डी.शोधार्थी
इतिहास केन्द्रीय विभाग
इमेलः rpp2029@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74927

## सार

*वि.सं.२००६ साल वैशाख १० गते स्थापित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा त्यसपछिका दिनमा क्रमशः विवाद बढी कहिले फुट्ने र कहिले जुट्ने क्रम जारी रहे । वि.सं.२०१४ सालमा सम्पन्न दोस्रो महाधिवेशनदेखि दरभंगा प्लेनम (२०१७) सम्म पार्टी विवादग्रस्त बनिरह्यो । दोस्रो केन्द्रीय समितिका महासचिव केशरजंग रायमाझीले राजा महेन्द्रको वि.सं.२०१७ साल पौष १ गतेको शाही घोषणालाई समर्थन गरेपछि पार्टीमा चरम विवाद सुरू भएको थियो । वि.सं.२०१९ सालमा तेस्रो महाधिवेशनको मनोवैज्ञानिक रूपले विभाजन भएर समापन भयो । बहुकेन्द्रमा विभाजित भएको नेकपाको अन्तर्गभमा विभिन्न समूह अस्तित्वमा आउने क्रममा केन्द्रीय न्यूक्लसको पनि उद्भव भएको थियो । जेलबाट छुटेर आएपछि २०२८ सालमा मनमोहन, मोहनविक्रम लगायतले केन्द्रीय न्यूक्लस गठन गर्न निर्णायक भूमिका खेलेका थिए । एउटा सानो भेला र प्रारम्भिक कार्य भएको कारणले नै न्यूक्लसको रूपमा त्यसलाई गठन गरिएको थियो । केन्द्रीय न्यूक्लस गठन गर्नुको उद्देश्य शक्तिशाली नेपाली कम्युनिस्ट पार्टीको निर्माण गर्नु थियो । केही समयसम्म त्यसले आफ्नो प्रयासलाई अगाडि बढाएपनि कालन्तरमा यसमा सामेल कैयौँ व्यक्तिले केन्द्रीय न्यूक्लस छाडे । केन्द्रीय न्यूक्लसमा रहेकाले चौथो महाधिवेशन गरेर नेकपाको पुनर्गठन गर्न महत्वपूर्ण भूमिका खेले । केन्द्रीय न्यूक्लसले मुख्य गरी कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव, तात्कालिक राजनीतिक प्रस्ताव, वर्तमान अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थितिका विशेषताहरू, देशका राजनीतिक शक्तिहरूको विश्लेषण नेपाल कम्युनिस्ट पार्टीभित्र देखापरेका भड्कावहरू नामक दस्ताबेज पारित गरेको थियो । यिनै दस्तावेजका आधारमा कालन्तरमा फरक धार बन्ने गरी नीति निर्माण गरेको थियो । राजालाई सामान्तवादको नाइकेको रूपमा र नेपाली काँग्रेसलाई त्यसको सहयोगी संस्थाका रूपमा हेरेर ती दुबैलाई समान दुश्मनका रूपमा हेरिएको थियो। नेपाली क्रान्तिको प्रधान दुश्मनका रूपमा घरेलु सामन्तवाद तथा भारतीय विस्तारवाद र विश्व स्तरमा अमेरिकी साम्राज्यवादसित प्रधान अन्तर्विरोध हुने कुरा यसमा व्याख्या गरिएको थियो । नेकपाभित्र देखा परेका भड्कावको विश्लेषण दस्तावेजमा पार्टीमा विभाजन ल्याउने तत्वको विश्लेषण गरिएको थियो । यस अध्ययनको उद्देश्य सङ्गठन निर्माण गर्दै सैद्धान्तिक र राजनीतिक दिशा निर्धारण गरेर नेपाली कम्युनिस्ट आन्दोलनको अलग धाराको परम्पराको रूपमा केन्द्रीय न्यूक्लसको ऐतिहासिक स्थानको बारेमा खोज गर्ने रहेको छ ।*

***शब्दकुञ्जी*** *:* विवादग्रस्त, बहुकेन्द्र, कार्यदिशा, पुनर्गठन, संशोधनवाद ।

## परिचय

वि.सं.२००६ साल वैशाख १० गते स्थापित नेपाल कम्युनिस्ट पार्टीमा क्रमशः विवाद थपिँदै गए । वि.सं.२०१० सालमा पहिलो महाधिवेशन नहुँदै २००८ सालमा नै पुष्पलाललाई महासचिव पदबाट हटाइयो । त्यही वर्ष पार्टीमाथि लागेको प्रतिबन्धले पार्टीमा थप विवाद सृजना गरेको थियो । पार्टीलाई खुला गराउनका लागि प्रयास सम्झौतापरस्त भए भन्ने असन्तुष्टिले स्थान लिएको थियो । वि.सं.२०१४ मा सम्पन्न दोस्रो महाधिवेशनदेखि

दरभंगा प्लेनम (२०१७) सम्म पार्टी विवादग्रस्त बनिरह्यो । त्यसमथि दोस्रो केन्द्रीय समितिका महासचिव केशरजंग रायमाझीले राजाको २०१७ साल पौष १ गतेको शाही घोषणालाई समर्थन गरेपछि पार्टीमा चरम विवाद सुरू भएको थियो । बहुमतमा रहेको उनको नेतृत्वलाई राजावादीको आरोप लागेको थियो । त्यसैले उनको विचार समूहलाई पार्टीबाट निष्काशित गर्नुपर्ने स्थिति बनेको थियो र तेस्रो महाधिवेशनले त्यही निर्णय गरेको थियो । यद्यपि उक्त महाधिवेशनपछि पनि पार्टीमा अझ ठूलो विभाजन आएर पार्टी बहुकेन्द्रमा विभाजित हुन पुग्यो । पार्टीलाई राजावादी गर्तबाट निकाल्ने नाममा पार्टीभित्रको अल्पमत पक्षले वि.सं.२०१९ सालमा छुट्टै तेस्रो महाधिवेशन गरे तापनि त्यसले कुनै फलदायी परिणाम दिन सकेन । नयाँ नेतृत्व पनि अन्तर्कलहमै फस्यो र पार्टी गतिहीन तथा अस्तव्यस्त अवस्थामा पुग्न गई विघटनको डिलमा पुग्यो (के.सी., २०५६ : १९६) । यसरी राजावादी आरोप लागेका दोस्रो केन्द्रीय समितिका महासचिव केसरजंग रायमाझीको विचार समूहलाई निष्कासित गरिसकेपछि पनि उक्त महाधिवेशनमा तुल्सीलाल, पुष्पलाल र मोहनविक्रम विचार समूहका बिचमा टकराव भएको थियो ।महाधिवेशनको बहुमतद्वारा तुल्सीलालको राष्ट्रिय प्रजातन्त्रको लाइन पार्टीको कार्यदिशाको रूपमा पारित भयो र नेतृत्वमा पनि तुल्सीलाल नै चयन भए । त्यसो भएपनि तुल्सीलालको मतसित मतभेद राखेका पुष्पलाल र जेलमा रहेका मोहनविक्रमहरूको राजनीतिक कार्यदिशा बोकेका विचार समूहलाई महाधिवेशनले भावनात्मक रूपले एकतावद्ध गर्न सकेन । त्यसको परिणामस्वरूप महाधिवेशन हलबाट नै पार्टीमा मनोवैज्ञानिक विभाजन सुरू भयो । महाधिवेशनबाट जे-जस्तोसुकै पारित भएको भएपनि आ-आफ्नो कार्यदिशाका आधारमा अगाडि बढ्ने मनोविज्ञानका साथ महाधिवेशन हलबाट विचार समूह बाहिरिएका थिए । त्यो कुरा पुष्पलाल र तुल्सीलालले बेग्लाबेग्लै हेडक्वाटर चलाउन थालेपछि उक्त मनोवैज्ञानिक फुट प्रत्यक्ष रूपमा देखा परेको थियो ।त्यसको परिणामस्वरूप पुष्पलालको नेतृत्वमा सम्पन्न गरिएको तेस्रो राष्ट्रिय सम्मेलन, मोहनविक्रम सिंह, मनमोहन अधिकारी लगायतको पहलकदमीमा निर्माण गरिएको केन्द्रीय न्यूक्लस, गण्डक र कोशी प्रान्तीय कमिटीका अलगअलग केन्द्र, तुलसीलाल समूह, रायमाझी समूह, झापाली समूह आदिको उद्भवस्थलर पृष्ठभूमि तेस्रो महाधिवेशन बन्न पुग्यो ।

केन्द्रीय न्यूक्लस विभाजित नेपाली कम्युनिस्ट आन्दोलनको उत्पादन थियो । यद्यपि केन्द्रीय न्यूक्लस गठनको उद्देश्य नयाँ र एकीकृत पार्टी निर्माण गर्नु रहेको थियो । यसमा आंशिक सफलता प्राप्त भएपनि अन्य विभाजित समूहलाई एकतावद्ध बनाउने दिशामा सफलता प्राप्त हुन सकेन । सबै समूहले आ-आफ्नो अस्तित्वमा रहेर गतिविधि गरिरहेकाले नेकपा एकतावद्ध स्थानमा आउन सकेन । त्यसो भएपनि वि.सं.२०२८ मा गठित केन्द्रीय न्यूक्लसले वि.सं.२०३१ सालमा चौथो महाधिवेशन गरेर शक्तिशाली सङ्गठन निर्माण गर्ने सफलता प्राप्त गऱ्यो । नेपालमा रहेका त्यसबेलाका विभिन्न कम्युनिस्ट घटकको तुलनामा यो बढी शक्तिशाली हुनुका साथै देशैभरी जनाधार भएको सङ्गठन बन्न पुग्यो । त्यस प्रकारको सङ्गठन निर्माण गर्न सफल हुने केन्द्रीय न्यूक्लसको उद्भव र गठन प्रक्रिया, त्यसको गठनको उद्देश्य, त्यसको विभाजन वा परित्याग, पार्टी निर्माणमा त्यसको भूमिका, त्यसले तय गरेको नीति र कार्यदिशा, विभिन्न राजनीतिक शक्तिबारे गरेको विश्लेषण, राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक परिस्थिति तथा नेकपाभित्र देखा परेका भड्कावबारे संक्षिप्तमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्ने यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक विधिमा आधारित रहेको छ । केन्द्रीय न्यूक्लस सम्बन्धी प्रकाशित विभिन्न सामग्री, पुस्तक, पत्रपत्रिका र प्राप्त दस्तावेजलाईअध्ययनको स्रोत सामग्री बनाइएको छ । यी स्रोत प्राथमिक र द्वितीय

रहेका छन् । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता र दस्तावेज रहेका छन् र यी मूल स्रोतका रूपमा उपलब्ध रहेका छन् । यी सहायक स्रोत प्राप्त गर्न पुस्तकालय विधि अपनाइएको छ । प्राप्त स्रोतको आधारमा लेख तयार पार्दा वर्णनात्मक र विश्लेषणात्मकविधि अपनाइएको छ ।

## केन्द्रीय न्यूक्लसको उद्भव र गठन प्रक्रिया

तेस्रो महाधिवेशनको समापन मनोवैज्ञानिक रूपले विभाजन भएर समापन भएको थियो । खासगरी तुल्सीलाल र पुष्पलाल बीच एकता कायम हुन सकेको थिएन । मनमोहन अधिकारी, मोहनविक्रम सिंहलगायतका नेता त्यो बेलामा जेलमा भएकाले उनीहरूको प्रत्यक्ष प्रभाव महाधिवेशनमा देखिएन । तैपनि मोहनविक्रम सिंहका तर्फबाट बलाराम उपाध्यायले संविधान सभाको चुनावको प्रस्ताव प्रस्तुत गरेकोमा महाधिवेशनले त्यसलाई अस्वीकृत गरेको थियो । पुष्पलालको प्रस्तावलाई पनि महाधिवेशनले अस्वीकृत गऱ्यो । तुल्सीलालको राष्ट्रिय प्रजातन्त्रको लाइन बहुमतले पारित भयो र तुल्सीलालकै नेतृत्वमा तेस्रो केन्द्रीय समिति गठन गरी समापन भएको त्यो महाधिवेशन मनोवैज्ञानिक रूपले विभाजित भयो र विस्तारै बहुकेन्द्रमा विभाजित हुँदै गयो । रायमाझी नेतृत्वको मातृ पार्टी, तुल्सीलालको समूह, पुष्पलाल समूह र त्यो समूह छोडेका भरतमोहन सहितका मनमोहन समूह, मोहनविक्रम समूहका रूपमा नेपालमा बहु-कम्युनिस्ट पार्टीको अवस्था देखापऱ्यो (जोशी, २०७८ : ४४१) ।

तेस्रो महाधिवेशनबाट निष्कासित भएको रायमाझी पक्षलाई जोशीले मातृ पार्टीका रूपमा उल्लेख गरेका छन् । बहुमत भएको भएपनि निष्कासित पक्षले राजावादी लाइन लिएकाले त्यो उद्देश्यका दृष्टिले पनि बेग्लै पार्टी बन्न गएको थियो । त्यसलाई मातृ पार्टीको रूपमा अहिलेसम्म कुनै पक्षले मानेका छैनन् । तेस्रो महाधिवेशन गरेर अगाडि बढिसकेको अवस्थामा पार्टीबाट निष्कासित भएको पक्षलाई मातृ पार्टी भन्नु उपयुक्त होइन । जोशीको त्यो भनाइ त्यसप्रतिको पक्षधरता मात्रै हो भन्ने बुझिन्छ । तर जे होस् उनले भने जस्तै नेकपाको अवस्था बहुकेन्द्रमा विभाजित भएको कुरा भने सत्य थियो ।

तेस्रो महाधिवेशनपछि नेकपाको वास्तविक अवस्था उजागर हुँदै गयो । त्यो अवस्था भोगेका साक्षीको सङ्ख्या घट्दै गएको भएपनि जीवित साक्षीहरूले पनि त्यही कुरा बताउने गरका छन् । वीरगाथा पब्लिकेशनद्वारा प्रकाशित *कम्युनिस्ट आन्दोलनमा मोहनविक्रम सिंह (२०७८)* पुस्तकमा मोहनविक्रम सिंह, चित्रबहादुर के.सी., मोहन वैद्य, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, मोहनचन्द्र अधिकारी लगायतका अन्तर्वार्ता प्रकाशित छन् । ती अन्तर्वार्ताका विभिन्न सन्दर्भबाट नेकपामा आएको फुट र त्यसका कारण, नयाँ समूहको उदय र तिनीहरूको उद्देश्यबारे जानकारी उपलब्ध हुन्छ ।

तृतीय महाधिवेशनले जनवादी केन्द्रीयताका आधारमा पार्टीमा अनुशासन र एकता कायम गर्न सकेन र पार्टी केन्द्र कैयौँ गुटहरूमा बाँडियो (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) । तुल्सीलालको एउटा गुट, पुष्पलालको एउटा गुट, पूर्वकोशी व्यूरो, काठमाडौ उपत्यका र पश्चिममा पनि बेग्लाबेग्लै समिति बनेका थिए । तेस्रो महाधिवेशनले पारित गरेका नीति र कार्यक्रम लागू भएनन् । एक प्रकारले केन्द्रीय समिति विसर्जन जस्तो भयो (चित्रबहादुर के. सी., अन्तर्वार्ता, पौष ०१, २०७७) । तेस्रो महाधिवेशन पश्चात पार्टीमा मूलतः तीन धारा देखा परे, तुल्सीलाले नेतृत्व गरेको कुन बाटो पक्षीय धारा, पुष्पलालले नेतृत्व गरेको मूलबाटो पक्षीय धारा र कतैतिर संलग्न नभएको बिचको धार र राजापरस्त प्रवृत्तिको नेतृत्व गर्ने रायमाझी समूह त दरभंगा प्लेनमपछि अलग्गिएको थियो (मोहन वैद्य, अन्तर्वार्ता, मंसिर २०, २०७७) ।

देशभित्रकै वर्गसङ्घर्ष र अन्तसङ्घर्षको पनि प्रभावबाट तेस्रो महाधिवेशनपछि पार्टी विभाजित भयो र एउटा समय त जिल्ला जिल्लामा टुक्राटुक्रा भएर पनि गयो (पुष्पकमल दाहाल, अन्तर्वार्ता, कार्तिक ०९ गते, २०७८) । वि.सं.२०१९ सालमा भएको तेस्रो महाधिवेशनपछि पार्टी एकीकृत रहन सकेन र पश्चिम गण्डक प्रान्तीय कमिटीलाई लिएर मोहनविक्रम सिंह अगाडि बढे तथा वि.सं. २०३२ सालमा हामीले कोअर्डिनेसन केन्द्र स्थापित गरेका थियौं (माधवकुमार नेपाल, अन्तर्वार्ता, कार्तिक ०८, २०७८) । तेस्रो महाधिवेशनपछि ठाउँठाउँमा कम्युनिस्ट पार्टी चिराचिरा भयो (मोहनचन्द्र अधिकारी, अन्तर्वार्ता. मंसिर २२, २०७८) ।

उपर्युक्त सबै भनाइले पार्टीको तेस्रो महाधिवेशनपछिको अवस्थालाई उजागर गर्दछन् । इतिहासका विभिन्न तथ्यले तेस्रो महाधिवेशनपछि नेकपा बहुकेन्द्रमा विभाजित भएको थियो र त्यो नै केन्द्रीय न्यूक्लस उद्भव हुने मुख्य कारण थियो भन्ने प्रमाणित गर्दछन् । बहुकेन्द्रमा विभाजित भएको नेकपाको अन्तर्गभमा विभिन्न समूह अस्तित्वमा आउने क्रममा केन्द्रीय न्यूक्लसको पनि उद्भव भएको थियो । यस सम्बन्धमा मोहनविक्रम सिंहको भनाइ यस्तो रहेको पाइन्छ :

> जेलबाट छुट्नेवित्तिकै म तृतीय महाधिवेशनपछि तितरवितर भएको पार्टीलाई एकजुट पार्न सक्रिय भएँ । त्यस सिलसिलामा मैले विराटनगर गएर मनमोहन अधिकारी, भरतमोहन अधिकारी, कमल कोइराला, महेश उपाध्याय, सिराहामा जयगोविन्द साह, मकवानपुरमा भक्तबहादुर श्रेष्ठ, काठमाडौंमा निर्मल लामा, शम्भुराम श्रेष्ठ, चित्रबहादुर के.सी., अर्घाखाँचीमा खुबीराम आचार्य तथा प्यूठानका साथीहरू आदिसित भेटघाट गरें । त्यसपछि वि.सं.२०२८ साल मंसीर २० गते काठमाडौमा केन्द्रीय न्यूक्लस गठन भयो । (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७)

मोहनविक्रम सिंहको उक्त भनाइ अन्तर्वार्तामाथि आधारित छ । तैपनि उनले बताएका कुरालाई नै आधार मान्दा पनि नेकपालाई नयाँ ढङ्गले पुनर्गठन गर्ने आपसी सल्लाह र भेटघाट बिना सम्भव थिएन । त्यसैले पहिले भेटघाट र सरसल्लाह गरी त्यो न्यूक्लस गठन गरिएको थियो भन्ने बुझिन्छ । न्यूक्लसमा बस्ने जतिलाई त्यहाँ आमन्त्रण गरिएको रहेछ भन्ने कुरा उक्त न्यूक्लसमा उल्लेख भएका व्यक्तिहरूको नामले पनि स्पष्ट गर्दछ । यो एउटा सानो भेला र प्रारम्भिक कार्य भएको कारणले नै न्यूक्लसको रूपमा त्यसलाई गठन गरिएको थियो ।त्यसरी गठन गरिएको न्युक्लस कमिटीको सेक्रेटरीमा मनमोहन अधिकारी रहेका थिए भने मोहनविक्रम सिंह, शम्भुराम श्रेष्ठ, जयगोविन्द साह, निर्मल लामा, भरतमोहन अधिकारी, कमल कोइराला, रामबहादुर ह्यामो, सिद्धिलाल सिंह समेत त्यसमा संलग्न थिए (कोइराला, २०५३ : १८) ।

केन्द्रीय न्यूक्लसमा मनमोहन, शम्भुराम, मोहनविक्रम, निर्मल लामा, भरतमोहन अधिकारी, कमल कोइराला, जयगोविन्द शाह लगायत आफू पनि त्यसमा भएको उल्लेख भक्तबहादुर श्रेष्ठको रहेको छ (२०७१ : २५४) । कमल कोइरालाले उल्लेख गरेको विवरणमा भक्तबहादुर श्रेष्ठको नाम छैन र श्रेष्ठको अन्तर्वार्तामा पनि अन्य केही व्यक्तिहरूको नाम आउन सकेको देखिदैन । अन्तर्वार्तामा व्यक्तिलाई जे-जति याद हुन्छ, त्यति नै उल्लेख गर्ने स्थिति रहन्छ । यद्यपि उल्लेखित व्यक्तिबारे अन्य स्रोतले पनि उल्लेख गरेकाले त्यो स्वीकार्य हुने अवस्था रहन्छ । तर न्यूक्लसमा को को व्यक्ति थिए भन्ने कुरा पूर्ण र ठोस रूपमा यहाँ पनि खुल्न नसकेकोले श्रेष्ठले भनेको कुरा पनि आंशिक रूपले नै सत्य भएको देखिन्छ ।

माथि उल्लेखित व्यक्तिहरू भन्दा बाहेक अन्य व्यक्ति पनि न्यूक्लस गठन प्रक्रियामा सामेल भएको भन्ने मोहनविक्रम सिंहको भनाइ रहेको छ । उनले अघिपछि गरेर विभिन्न व्यक्ति यसमा जोडिएको कुरा बताएका

छन् । उनले यसमा रहेका सबै व्यक्तिको नाम याद नभएकोले उल्लेख गर्न सम्भव नरहेको भन्दै मनमोहन, आफू र शम्भुराम सहित स्मरणमा आएका निम्न व्यक्तिका नाम उल्लेख गरेका छन् जसमा निर्मल लामा, जयगोविन्द साह, चित्रबहादुर के.सी., भक्तबहादुर श्रेष्ठ, भरतमोहन अधिकारी, कमल कोइराला, काँइलाबा (देबेन्द्र), सिद्धिलाल सिंह, रामबहादुर, दिलबहादुर श्रेष्ठ, खिमानसिंह गुरूङ, महेश उपाध्याय, देबेन्द्र (बाग्लुङ) थिए (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) ।

मोहनविक्रम सिंह केन्द्रीय न्यूक्लस गठन गर्ने प्रमुख व्यक्तिमध्ये एक जना भएकाले उनको बयानलाई सत्यको नजिक मान्न सकिने भएपनि उनले उल्लेख गरेका थप व्यक्तिहरूबारे उनीभन्दा बाहेक अन्य स्रोतले पुष्टि गरेको पाइँदैन । चित्रबहादुर केसीले आफूलाई चौथो महाधिवेशनले आफूलाई केन्द्रीय सदस्यमा निर्वाचित गरेको भनेर उल्लेख गरेका छन् । तर केन्द्रीय न्यूक्लसमा आफू भए-नभएको केही पनि उल्लेख गरेका छैनन् (चित्रबहादुर के.सी., अन्तर्वार्ता, पौष ०१, २०७७) । केसीको स्वभाव अनुसार उनले केन्द्रीय न्यूक्लसमा भएको कुरा प्रष्ट बताउन सक्दथे । त्यसबाट उनी केन्द्रीय न्यूक्लसमा थिएनन् कि ? भन्ने शङ्का उत्पन्न हुन्छ । तर मोहनविक्रम सिंहले 'अघिपछि गरेर' भनेकाले उनी पछि केन्द्रीय न्यूक्लसमा थपिएको, त्यो समयमा सञ्चार माध्यमको धेरै कम पहुँच भएको र पार्टीमा भूमिगत प्रणालीको कडा संरचना भएको हुँदा केसीलाई सहज जानकारी नभएको पनि हुन सक्दछ । सिंहले भनेको कुरालाई पनि अविश्वसनीय भन्न सकिने अवस्था छैन किनभने न्यूक्लसबाट बाहिरिने र थप्ने कार्य निरन्तर चल्दै गएको थियो । त्यो अवस्थामा पछि थपिएका व्यक्तिहरूमध्ये चित्रबहादुर के.सी.पनि एक हुन सक्दछन् ।

वि.सं.२०१९ सालपछि केन्द्रविहीन बन्न पुगेको नेकपालाई पुनर्गठनका तीन प्रयत्न (पीएल, झापाली र न्यूक्लस) मध्ये वि.सं.२०२८ सालको केन्द्रीय न्यूक्लस एउटा थियो । जुन वि.सं.२०३१ सालमा नेकपा चौथो महाधिवेशनका रूपमा शक्तिशाली समूह बनेर उदायो (न्यौपाने, २०७५ : १०१) ।तेस्रो महाधिवेशनमा रायमाझी पक्षलाई पार्टीबाट निष्कासित गरिएको भएपनि त्यो एक कम्युनिस्ट समूहका रूपमा नै विद्यमान रहेको थियो । त्यसले पनि वि.सं.२०२३ मा आफ्नो सम्मेलन गरेर राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गरी वि.सं.२०२४ सालमा तेस्रो अधिवेशन गरेको थियो (शर्मा, २०७२ : १६१) । यसरी रायमाझी पक्ष पनि आफ्नो मान्यतालाई बोकेर कम्युनिस्ट पार्टी चलाउने प्रयत्न गरिरहेको थियो । त्यसैले वि.सं.२०१९ सालपछि तेस्रो महाधिवेशनबाट विभाजित पक्षको मात्र नभएर पार्टीबाट निष्कासित भएको पक्षसमेत नेकपाको नाममा अस्तित्वमा रहेको थियो । कालन्तरमा रायमाझी पक्षले पनि नेकपा निर्माणको प्रयत्न गरिरहेको थियो ।त्यो पनि एक प्रकारले बलियो नै थियो । सोभियत सत्ताले रायमाझीको समूहलाई मान्यता दिएको थियो (जोशी, २०७८ : ४४१) । सोभियत सत्ताले समर्थन गरेको भनेपनि त्यतिबेला सोभियत सत्ता संसोधनवादीहरूको हातमा आइसकेको थियो । विश्व कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी झण्डा चीनका माओको नेतृत्वमा उठिरहेको थियो र उनको जनवादी क्रान्तिको सिद्धान्तले नेपालमा पुष्पलाल निकै प्रभावित थिए र आफ्नो समूहको तेस्रो राष्ट्रिय सम्मेलनमा नयाँ जनवादी क्रान्तिको कार्यक्रम समेत पारित गराएका थिए ।

वर्तमान समयमा उनको त्यो कार्यक्रमको पाण्डुलिपि पनि सार्वजनिक भएको छ । त्यो अवस्थामा सोभियत सत्ताबाट समर्थित हुन पुष्पलाल (त्यो बेला मोहनविक्रम जेलमा रहेको र सङ्गठन पनि निर्माण गरिनसकेको अवस्था थियो) ले चाहना राख्ने कुरा थिएन । जहाँसम्म तुल्सीलालको कुरा हो, उनको राष्ट्रिय प्रजातन्त्रको लाइन सोभियत संशोधनवादसँग मिल्ने भएकोले र पछि वि.सं.२०२३ सालमा रायमाझीले आफ्नो समूहको सम्मेलनबाट पनि राष्ट्रिय प्रजातन्त्रकै लाइन पास गराएकाले समान प्रकारको नीति राख्नेमध्ये सोभियत

सङ्घले कसलाई मान्यता दिन्छ भन्ने स्थिति पैदा हुँदा केशरजंग रायमाभ्की समूहलाई त्यो मान्यता प्राप्त भएको हुन सक्दछ । तर जे होस् रायमाभ्कीलाई सोभियत सत्ताको समर्थन थियो । क्रान्ति वा सामाजिक परिवर्तन ल्याउने शक्तिका रूपमा विकास गर्ने भन्दा पनि चिनजानका आधारमा आफ्नो समर्थक गराउने उद्देश्यले सोभियतसंघले उनीहरूलाई मान्यता दिएर राखेको थियो भन्ने उल्लेख पनि पाइन्छ ।

केन्द्रीय न्यूक्लसको गठन सम्बन्धी मतान्तर देखिनुमा गठन हुँदाको बेलाका व्यक्तिहरू मात्र नभएर आवश्यकता महशुस गर्दै अन्य व्यक्तिलाई पनि थप गर्दै लैजानुका साथै न्यूक्लसमा रहेका कतिपय व्यक्तिको बहिर्गमन र पदपूर्तिका लागि नयाँ व्यक्तिहरूलाई सामेल गर्ने कार्यविधि अपनाएकाले हो भन्ने देखिन्छ । यसका साथै त्यो समयका विश्वसनीय र प्रमाणिक स्रोतसामग्री उपलब्ध नहुँदा यस्तो अवस्था देखिएको हो । सो अवधिका कुनै माइन्यूट वा वक्तव्य प्राप्त भएका भए विश्वसनीयता र प्रमाणिकताको आधार ठोस र सत्यमाथि आधारित हुन सक्दथ्यो ।यसरी पूरक तथ्यहरू समकालीन वा विषयविज्ञ विभिन्न व्यक्तिहरूसित लिइएका अन्तर्वार्ता र कुराकानीमाथि आधारित भएको स्पष्ट छ । यस प्रकारका स्रोत प्राप्त नभएकाले नै विवरणमा केही फरक पर्न गएको स्पष्ट छ । जेहोस् केन्द्रीय न्यूक्लसको उद्भव तेस्रो महाधिवेशनपछि पार्टीमा आएको विभाजन मुख्य कारण थियो भन्ने कुरा पुष्टि भएको छ । मोहनविक्रम, मनमोहन, भरतमोहन, कमल कोइराला, भक्तबहादुर श्रेष्ठ, निर्मल लामा आदि नेताहरूका बीचमा सरसल्लाह र सहमति भएर तितरवितर भएको पार्टीलाई एकीकृत गर्ने प्रयास स्वरूप तोकिएको मिति र स्थानमा यसको गठन भएको देखिन्छ ।

## न्यूक्लसको गठनको उद्देश्य

केन्द्रीय न्यूक्लस गठनपूर्व नै पुष्पलालले वि.सं.२०२५ चैत्रमा एउटा राष्ट्रिय सम्मेलन गरेर बेग्लै पार्टी निर्माण गरिसकेका थिए भने कोशी तथा पश्चिम गण्डक प्रान्तीय कमिटीले आफूलाई केन्द्र बनाएर काम गर्न थालेका थिए । तुल्सीलाल र रायमाभ्कीका समूह पनि कुनै न कुनै अवस्थामा क्रियशिल थिए । यी सबै समूहको आपसी सम्बन्ध तिक्त रहेको थियो । त्यो बेला विभाजनको समय भएकाले सकेसम्म एकले अर्कालाई सिध्याउने मनोविज्ञानले काम गरेको थियो । त्यसैले त्यो समयमा एकले अर्काको विरोध र आलोचना गरेर दस्तावेज निर्माण हुने कार्य बढी भएको थियो । गालीगलौज र चरित्रहत्याको राजनीतिले पनि ठाउँ लिन थालेको थियो । १५ मे १९६४ मा प्रकाशित आफ्नो पुस्तकको भूमिकामा डीपी अधिकारीले यस्तो लेखेका छन् :

> आजको कम्युनिस्ट सङ्गठनसँग रायमाभ्कीको कुनै सम्बन्ध नभएकाले उसको कुनै कुराको मेसेजको जरूरत पनि उठ्दैन । रायमाभ्कीद्वारा प्रतिपादित काठमाडौबाट निस्कने सातदिने समीक्षा आज जसरी प्रजातान्त्रिक पार्टी र व्यक्तिको विरुद्धमा नाङ्गो किसिमले गालीगलौज गर्ने बाटोमा मात्र हिड्न लागेको छ, यो नै उसको आजको एक मात्र व्यवहार रही आएको छ । (के.सी., २०८० : ३३२)

मनमोहन अधिकारीले भनेजस्तो गरी रायमाभ्की नाङ्गो रूपमा प्रस्तुत भएका थिए वा थिएनन् ? त्यो छुट्टै अध्ययनको विषय हुन सक्छ, यद्यपि त्यो अवधिमा आलोचना, गालीगलौज र पूर्वाग्रहले प्रशस्त ठाउँ लिएको थियो भन्ने आधार चाँही यसले प्रस्ट्याएको छ । पुष्पलालको नयाँ जनवादी कार्यक्रममा यो कुरा उल्लेख गरेका छन् जसमा कार्यक्रम र कार्यनीतिको सम्बन्धमा स्पष्ट समाजबादीको अभावमा नेपाली कम्युनिस्ट आन्दोलनमा दुई गलत विचारधारा देखिन आए । त्यसलाई हामी संशोधनवादका दुई रूप भन्न सक्दछौं । पहिलो विचारधारा जो माभ्कीको नेतृत्वमा जन्म्यो- त्यसले लाखौंलाख जनतालाई सङ्गठन गरी सङ्घर्ष गर्नुको सट्टा एक व्यक्ति

राजालाई चित्त बुझाई उनैको नेतृत्वमा नियन्त्रित प्रजातन्त्रको गठन गर्ने स्वप्न देखे भने अर्को विचारधारा जो आजका टिएलको नेतृत्वमा जन्मदैछ- त्यसले अन्तरिम समयमा विभिन्न स्थितिमा विभिन्न खालका कार्यनीति अपनाई सङ्घर्ष गर्ने नीतिलाई तिलाञ्जली दिई निर्णायक सङ्घर्षको तयारीको कुबाटो अपनाएको छ भनी उल्लेख गरेका छन् (पुष्पलाल, २०८० : २०३) ।

तत्कालीन समयमा ती बेग्लाबेग्लै कार्यक्रम सम्बन्धी छलफल र वहस अर्कै हुन सक्दछ । तर उनीहरूका बिचको सम्बन्ध टकरावपूर्ण र आलोच्य रहेको कुरा स्पष्ट छ । भलै त्यो राजनीतिक शक्तिहरूको विश्लेषणको नाममा नै किन नहोस् तर आलोचना र विरोध जरूर हुने गर्दथ्यो ।नेपालको कम्युनिस्ट आन्दोलनको उपर्युक्त परिस्थितिमा केन्द्रीय न्यूक्लसको उद्भव भएको थियो । यसले पनि नेपाली कम्युनिस्ट आन्दोलनको प्रवृत्तिलाई बोकेकै थियो र अन्य समूहलाई ठीक भन्ने पक्षमा यो पनि थिएन । अस्तित्वमा रहेका रायमाझी, टीएल, पीएल आदि समूहलाई अस्वीकृत गर्ने विचारधाराले नै न्यूक्लसको अवधारणा सङ्गठित गरेका थिए । यो न्यूक्लसको मुख्य उद्देश्य तेस्रो महाधिवेशनपछि फुटेको पार्टीलाई एकीकृत गर्नु नै थियो (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) । तर रायमाझी, पीएल, टीएललाई एकीकृत गर्ने कुरा सामान्य नभएकाले केन्द्रीय न्यूक्लसको उद्देश्य पूरा हुन कठिन बन्न गएको थियो । तैपनि बेग्लाबेग्लै अस्तित्वमा रहेका समूहलाई गोलबन्द गर्ने लक्ष्य पनि यो न्यूक्लसको रहेको थियो । त्यसका लागि प्रयास पनि भएको भन्ने उल्लेख गरिएका छन् । पुष्पलालसित एकताको लागि पहल गर्न मनमोहन अधिकारी र शम्भुराम गएको तर पुष्पलालले गोरखपुरमा आफूले सम्पन्न गरेको तेस्रो राष्ट्रिय सम्मेलनको कमिटीमा एकतावद्ध हुनुपर्ने विचार प्रकट गरेपछि उनीसँगको एकता सम्भव हुन सकेन (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) । पुष्पलालसँग एकताको लागि सम्भव भएको भएपनि रूसपन्थी भनिएका तुल्सीलाल र राजावादी भनिएका रायमाझीलाई एकीकृत गर्ने उद्देश्य भने न्यूक्लसले लिएको थिएन । तर जे भएपनि केन्द्रीय न्यूक्लसको उद्देश्य शक्तिशाली नेपाली कम्युनिस्ट पार्टीको निर्माण गर्ने नै रहेको कुरा प्रष्ट हुन्छ । त्यही उद्देश्यले चौथो महाधिवेशनको धारलाई सशक्त बनाउन सफल भएको थियो ।

### केन्द्रीय न्यूक्लसमा विभाजन वा परित्याग ?

केन्द्रीय न्यूक्लस आफैमा पार्टी निर्माणको प्रक्रियामा रहेको एउटा सामूहिक प्रयासको स्वरूप थियो । त्यसैले विभिन्न व्यक्ति र समूहलाई एउटै पार्टीमा गोलबन्द गर्न र गराउनका लागि यसले प्रयास अगाडि बढाएको थियो । केही समयसम्म त्यसले आफ्नो प्रयासलाई अगाडि बढाएपनि कालन्तरमा यसमा सामेल कैयौँ व्यक्तिले केन्द्रीय न्यूक्लस छाडेका थिए । मोहनविक्रम सिंह, निर्मल लामा, जयगोविन्द साह, चित्रबहादुर के.सी.लगायतका केही व्यक्तिले मात्र यसलाई निरन्तरता दिए । मनमोहन अधिकारी, शम्भुराम, भरतमोहन, कमल कोइरालालगायतले यसलाई छाडे । यो घटनालाई कतिपयले केन्द्रीय न्यूक्लसमा आएको विभाजन भन्ने गरेको र कसैले विभाजन नभएर केही व्यक्तिले परित्याग गरेको भन्ने उल्लेख गरेको पाइन्छ । महाधिवेशनको मिति र स्थान सार्वजनिक गरेकाले मनमोहनलाई कार्बाही गरेको र शम्भुरामले विद्यार्थी आन्दोलनमा सम्झौता गरेकाले न्यूक्लसबाट निष्कासन गरिएको थियो (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) । त्यो कार्बाहीपछि मनमोहन र शम्भुरामले न्यूक्लससँग सम्बन्धविच्छेद गरेका थिए । त्यसरी कार्बाही गरेर निष्कासित गरिएका व्यक्तिले गरेको सम्बन्धविच्छेदलाई विभाजन भन्नु राजनीतिक शब्दोचितबाट विचार गर्दा मेल खाने देखिदैन । मनमोहन अधिकारी, मोहनविक्रम सिंह लगायतका नेताहरू जेलमुक्त भएपछि वि.सं.२०२८ साल मंसीर २० गते गठित 'केन्द्रीय न्यूक्लस' मा पनि एकिकृत भएर रहन सकेनन् । न्यूक्लसका एकथरी सदस्य

मोहनविक्रम र निर्मल लामाहरूले वि.सं.२०३१ साल भदौ ३० गतेदेखि भाद्र ७ गतेसम्म भारतमा महाधिवेशन गरी नेकपा (चौथो महाधिवेशन) गठन गरे । केन्द्रीय न्यूक्लसका सदस्यहरू मनमोहन अधिकारी, भरतमोहन अधिकारी, सिद्धिलाल सिंह लगायतले वि.सं.२०३६ सालमा नयाँ पार्टी गठन गरेका थिए (भट्टराई, २०५३ : १६) ।

वास्तवमा केन्द्रीय न्यूक्लसमा आवद्ध भएकामध्ये केहीले यसलाई परित्याग गरे वा निष्कृयभएको कुरा सत्य देखिन्छ । तर उनीहरूले यसबाट अलग हुनुपर्ने खास कारण के थियो भन्ने प्रमाण भेटिन्न । न्यूक्लसप्रति उदासिनता देखाई त्यससितको सम्बन्धबाट टाढा हुनुलाई विभाजन भन्न मिल्दैन । केन्द्रीय न्यूक्लसबाट मनमोहन बाहिरिएपछि त्यसको नेतृत्व मोहनविक्रमले गरेका थिए । केन्द्रीय न्यूक्लसका अन्य सदस्य भरतमोहन, कमल, सिद्धिलाल, शम्भुराम आदिले पनि मनमोहनसँगै केन्द्रीय न्यूक्लस त्यागेका थिए । उनीहरूले मिलेर करिब ८ वर्षपछि नयाँ पार्टी गठन गरेको भएपनि उनीहरूको त्यो कार्य न्यूक्लसको नामबाट सम्पादित भएको थिएन । उनीहरूले केन्द्रीय न्यूक्लस लिएर गएका थिएनन्, बरू त्यसलाई परित्याग गरेका थिए । त्यसरी परित्याग गर्ने कार्यलाई विभाजन भन्ने अवस्था रहन्न । तर विभाजन गरेर सोही नामबाट अर्को समूह चलाउनु वा परित्याग गरेर अर्को समूह बनाउनु भनेको पहिले सम्बद्ध रहेको समूहसितको सम्बन्धविच्छेद हो । यसरी सम्बन्धविच्छेद गर्ने प्रक्रिया एक प्रकारको विभाजन नै हो । त्यसैले न्यूक्लसमा विभाजन भएको थियो भन्ने तर्कलाई पनि पूरै गलत हो भन्न सकिने अवस्था रहन्न । तर केन्द्रीय न्यूक्लसको आधिकारिकतालाई मोहनविक्रम सिंहको पक्षले अगाडि बढाएपछि मनमोहन पक्षको त्यसप्रति कुनै दाबी वा आपत्ति नरहनुले त्यो विभाजन होइन भन्ने कुरा स्पष्ट हुन्छ । यसलाई न्यूक्लसमा विभाजन भन्नु भन्दा पनि मनमोहन लगायतद्वारा न्यूक्लस परित्याग गरिएको भन्नु नै उपयुक्त हुन्छ । मनमोहन लगायतले परित्याग गरपछि पनि केन्द्रीय न्यूक्लसको आधिकारिकता, औचित्यता र उद्देश्यलाई मोहनविक्रम पक्षबाट पुष्टि र स्थापना गर्ने कार्य भयो । यसरी व्यक्तिहरू आवद्ध हुन आउने र छोड्ने प्रक्रियालाई सबै अवस्थामा एकता वा फुट भन्ने अवस्था रहन्न । त्यसैले न्यूक्लसमा फुट र विभाजन नभई व्यक्तिहरूथपिने र हट्ने क्रम चलेको थियो भन्ने तर्क नै सुदृढ छ ।

न्यूक्लसको सिराहामा बसेको बैठकले चौथो महाधिवेशन गर्ने निर्णय गरेको थियो । यो निर्णय बहुमतले गरेको थियो । उक्त निर्णयपछि चौथो महाधिवेशन सम्पन्न गर्ने अल्पमत वा बहुमत को थिए ? त्यो प्रमुख कुरा नभएर चौथो महाधिवेशन गर्ने भनेर निर्णय गर्ने बेलामा अल्पमत वा बहुमत को थिए र केन्द्रीय न्यूक्लसको लिगेसी कोसँग रहेको थियो ? भन्ने प्रश्न मुख्य हो । गठन हुँदा केन्द्रीयन्यूक्लसद्वारा पारित सैद्धान्तिक मान्यतालाई आत्मसात गर्ने कुरा नै लिगेसी हो । अलग भइसकेपछि मनमोहन अधिकारीपक्षले केन्द्रीय न्यूक्लसको माध्यमबाट कार्वाही अगाडि बढाएको थिएन र त्यसको उद्देश्य तथा सैद्धान्तिक मान्यतालाई पनि पछ्याएको थिएन ।मोहनविक्रम नेतृत्वको न्यूक्लसले चौथो महाधिवेशन गरेको थियो तर मनमोहन पक्षले अर्को पार्टीको गठन प्रक्रिया केन्द्रीय न्यूक्लसको तर्फबाट सम्पन्न गरेका थिएनन् । त्यसकारण भट्टराईले उल्लेख गरेको तथ्यलाई आधार मानेर केन्द्रीय न्यूक्लसको विभाजन भन्न सकिने अवस्था रहन्न । यसरी केन्द्रीय न्यूक्लस छोड्ने र केन्द्रीय न्यूक्लसमा थपिने क्रम चलिरह्यो र छाडेकाले केन्द्रीय न्यूक्लसको नामबाट गतिविधि गरेनन् र केन्द्रीय न्यूक्लसमा रहेकाले चौथो महाधिवेशन गरेर नेकपाको पुनर्गठन गरेका थिए ।

## पार्टी निर्माणमा न्यूक्लसको भूमिका

छिन्नभिन्न भएको कम्युनिष्ट पार्टीलाई पुनर्निर्माण गर्नका लागि केन्द्रीय न्यूक्लसको अवधारणा अस्तित्वमा आएको थियो । एकीकृत र नयाँ पार्टी निर्माणको उद्देश्यले यो न्यूक्लसको गठन गरिएको थियो भन्ने देखिन्छ ।

त्यो उद्देश्य पूरै त सफल हुन सकेन तर नयाँ पार्टी निर्माणमा भने यसलाई सफलता प्राप्त भएको थियो । एकीकृत पार्टी निर्माण गर्ने उद्देश्यले यसले छुट्टै समूह चलाउँदै आएका पुष्पलालसँग एकीकरणका लागि पहल गरेको थियो । त्यो सन्दर्भमा केन्द्रीय न्यूक्लसका तर्फबाट मनमोहन र शम्भुराम उनलाई भेट्न गएका थिए तर पुष्पलालले आफूले वि.सं.२०२५ सालमा गोरखपुरमा तेस्रो सम्मेलन गरेर बनाएको केन्द्रीय सङ्गठन समितिअन्तर्गत नै सबै साथीहरूले पार्टी एकता गर्नुपर्छ, त्यो बाहेक अन्य कुनै रूपमा पार्टी एकता गर्न तयार नहुने बताएपछि उनीसँगको पार्टी एकता सफल हुन सकेन (मोहनविक्रम सिंह, अन्तर्वार्ता, पौष २३-२५, २०७७) । न्यूक्लसले पुष्पलालसित एकता गर्न सकिने भएर नै त्यो प्रक्रिया अगाडि बढाएको देखिन्छ । त्यसरी एकता हुने बाधाको रूपमा पुष्पलालले कुनै सैद्धान्तिक र राजनीतिक विषय देखाएको पाइएन । आफूले गठन गरेको समितिमा नै एकताबद्ध हुनुपर्ने उनको कुरा व्यक्तिगत महत्त्वाकाङ्क्षा जस्तो देखिन्छ । पुष्पलालले त्यो कुरा गरेको भएपनि सैद्धान्तिक र राजनीतिक विषयमा ठूलो भिन्नता थिएन भने न्यूक्लसले पुष्पलालले गठन गरेको सङ्गठनमा आवद्ध हुने आँट गर्नु पर्दथ्यो तर त्यो पनि हुन सकेन । न्यूक्लसको पनि आफ्नो रूचि थियो भन्ने कुरा स्पष्ट नै छ । तिनै महत्त्वाकाङ्क्षा र रूचिले मत मिल्ने पक्षका बिचमा पनि एकता कायम हुन दिएको थिएन । तैपनि केन्द्रीय न्यूक्लसले त्यस दिशातर्फ केही न केही पहल गरेको थियो र पार्टी निर्माणको प्रयत्न स्वरूप चौथो महाधिवेशन सम्पन्न गरेको थियो । सन् १९७४ सेप्टेम्बर १५ देखि २३ सम्म केन्द्रीय न्यूक्लसले नेकपाको चौथो महाधिवेशन गर्‍यो र केन्द्रीय समितिको गठन गर्‍यो (पोखरेल, सन् २००७ : ३३) । विभिन्न उतारचढावका बाबजुद पनि चौथो महाधिवेशन सम्पन्न गरी केन्द्रीय समितिको निर्माण गर्नु केन्द्रीय न्यूक्लसले पार्टी निर्माणमा खेलेको सबैभन्दा ठूलो भूमिका मान्नु पर्दछ ।

चित्रबहादुर के.सी.ले न्यूक्लसले देशभरि पार्टीका समितिहरूलाई व्यवस्थित गर्ने र पार्टीमाथि प्रतिबन्ध भएपनि वि.सं.२०३० साल फागुनतिर पार्टीको चौथो महाधिवेशन सिराहाको मिर्चैयामा गर्ने ठेगान गरेको थियो भनेर बताएका थिए (चित्रबहादुर के.सी., अन्तर्वार्ता, पौष ०१, २०७७) । माधवकुमार नेपालको भनाइले पनि त्यो कुरालाई थप पुष्टि गर्दछ : वि.सं.२०३१ सालमा नै नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनका रूपमा मोहनविक्रम सिंहहरूले एउटा अर्को पार्टी बनाएका थिए । त्यो पार्टी बनाउने आधार तयार गर्न उनले वि.सं.२०२८ सालमा एउटा केन्द्रीय न्यूक्लसको गठन गरेका थिए । त्यही केन्द्रीय न्यूक्लसले वि.सं.२०३१ सालमा चौथो महाधिवेशन गरेर एउटा नयाँ पार्टी गठन गर्नुको साथै नयाँ धार अगाडि सार्ने काम गरेका थिए ((माधवकुमार नेपाल, अन्तर्वार्ता, कार्तिक ०८, २०७८) । मोहनविक्रम सिंह, निर्मल लामा लगायतले वि.सं.२०२८ सालको मंसीर २० गते केन्द्रीय न्यूक्लस गठन गरी नयाँ पार्टी निर्माणको प्रयत्न गर्दै वि.सं.२०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गरी नयाँ पार्टी नेकपा चौथो महाधिवेशन गठन गरेका थिए (शर्मा, २०७२ : १६१) ।

उपर्युक्त सबै तथ्यले केन्द्रीय न्यूक्लसले एउटा सुदृढ पार्टी निर्माणका लागि भूमिका खेलेको कुरालाई पुष्टि गर्दछन् । वि.सं.२०३१ मा चौथो महाधिवेशन सम्पन्न भइसकेपछि नेपालमा अस्तित्वमा रहेका विभिन्न वामपन्थी समूहहरूमध्ये यो समूह बलियो भएर उदाएको थियो । यसको जनाधार देशभरि नै फैलिएर रहेको थियो भने सङ्गठनका तह पनि तलतल जनस्तरमा पुगेका थिए । यी सबै उपलब्धिको पृष्ठभूमि केन्द्रीय न्यूक्लस नै थियो ।

## नीति र कार्यदिशा

केन्द्रीय न्यूक्लसले मुख्य गरी कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव, तात्कालिक राजनीतिक प्रस्ताव, वर्तमान अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थितिका विशेषताहरू, देशका राजनीतिक शक्तिहरूको विश्लेषण नेपाल कम्युनिस्ट पार्टीभित्र देखा परेका भड्कावहरू नामक दस्ताबेज पारित गरेको थियो । यिनै दस्तावेजको आधारमा कालन्तरमा फरक धार निर्माण गर्ने गरी नीति निर्माण गरेको थियो । कार्यक्रम सम्बन्धी राजनीतिक प्रस्तावले नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई अगाडि सारेको थियो । पुष्पलालको र यसको नयाँ जनवादी कार्यक्रमको बिचमा मौलिक अन्तर थियो । पुष्पलालको नयाँ जनवादी कार्यक्रमले काँग्रेसप्रति नरम नीति लिएको थियो । त्यही अनुसार उक्त कार्यक्रममा नेपाली काँग्रेसका नेताहरूलाई सैद्धान्तिक रूपमा परास्त गनुपर्ने जोड दिएर व्यवहारिक रूपमा काँग्रेससँगको सहकार्यका लागि ढोका खुला राखिएको थियो (पुष्पलाल, २०८० : १९९-२००) ।

नयाँ जनवादी कार्यक्रम सम्बन्धी जल्दोबल्दो विचारका रूपमा रहेको पुष्पलालको उपर्युक्त विचारभन्दा भिन्न भएर नयाँ जनवादी कार्यक्रमलाई अगाडि सारेको न्यूक्लसले नेपाली काँग्रेसलाई सामन्त वर्ग, साम्राज्यवाद र विशेषगरी भारतीय एकाधिकारको प्रतिनिधित्व गर्ने राजनीतिक दलको रूपमा व्याख्या गरेको थियो । राजा र काँग्रेसमा मात्रात्मक अन्तर भएपनि मूल रूपमा वर्गीय चरित्र एउटै भएको निष्कर्ष निकालेर त्यसलाई नयाँ जनवादी क्रान्तिको दुश्मन शक्तिको रूपमा परिभाषित गरेको थियो (रातो तरबार, २०५९ : १८) ।

जनवादी क्रान्तिसम्बन्धी उपयुक्त दुई नीतिले बेग्लाबेग्लै धार बोकेका थिए । पुष्पलालले नेकालाई जनवादी क्रान्तिको मित्रशक्तिको र केन्द्रीय न्यूक्लसले दुश्मन शक्तिको रूपमा लिएका थिए । नेकालाई हेर्ने यही दृष्टिकोणले पुष्पलाल र केन्द्रीय न्यूक्लसको बिचको सम्बन्ध दुर्गम हुन गयो र एकले अर्कालाई तेजोबध गर्ने प्रयत्नशील रहे । यसरी दुबै शक्तिले नयाँ जनवादी कार्यक्रमलाई स्वीकार गरेका भएपनि नेकाप्रतिको नीतिले तिनीहरूलाई आफू बाहेक अर्को बेठिक भन्नका लागि उत्प्रेरित गर्दथ्यो । पञ्चायत विरोधी शक्तिको रूपमा नेका पनि भएकोलेआन्दोलनको एउटा चरणसम्म त्यसलाई मित्रशक्ति ठान्ने नीतिलाई पूरै गलत भन्न सकिन्न । त्यो हिसाबले पुष्पलाललाई गलत भन्ने न्यूक्लसको मान्यता कति सही हो ? तर अर्कातिर जनआन्दोलन र निश्चित राजनीतिक उपलब्धिका लागि दुश्मन पक्षसितको कार्यगत एकताको प्रक्रियालाई मान्ने नीतिप्रति न्यूक्लस पनि खुला नै थियो । यस हिसावले खास राजनीतिक कार्यक्रमका लागि भएपनि जनवादी क्रान्तिका लागि नेका मित्र शक्ति हुन नसक्ने न्यूक्लसको विश्लेषणलाई पनि पूरै गलत मान्न सकिने अवस्था रहन्न । नेकासितको सम्बन्धलाई पुष्पलालले रणनीतिक दृष्टिले मित्रशक्तिको कोटीमा राख्नु सही थिएन । किनभने नेकाले चलाउने अभियानलाई पुष्पलालले नयाँ जनवादी क्रान्तिको लागि ठुलो खतराका रूपमा लिएका छन् ( पुष्पलाल, २०८० : ३०७) । यति हुँदाहुँदै पनि नेकालाई मित्रशक्तिको रूपमा राख्नु पुष्पलाल कति सही थिए ? त्यो प्रश्नबाट विचार गर्दा पञ्चायत विरोधी आन्दोलनका लागि नेकासित सहकार्य गर्न सकिने आधारमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिमा सैद्धान्तिक रूपले नै भिन्न भएको राजनीतिक शक्ति मित्रशक्ति हुन्छ भन्ने कुरा सही हुँदैन ।जे होस् नेकालाई हेर्ने दृष्टिकोणमा मुख्य मतभिन्नता देखा परेकोले दुई पार्टीबिचको सम्बन्धमा यसको दीर्घकालीन प्रभाव कायम रह्यो ।

केन्द्रीय न्यूक्लसले नेपाली समाजको वर्गीय विश्लेषण गरेको छ । त्यही वर्गीय विश्लेषणको आधारमा त्यसले जनवादी क्रान्तिको कार्यक्रम सम्बन्धी प्रस्तावमा किसान, मजदुर, मध्यम वर्ग, शहरिया मध्यम वर्ग र निम्न-मध्यम वर्ग, दस्तकार, देशभक्त बुद्धिजीवि, विद्यार्थी, धनी किसान, राष्ट्रिय पुँजीपति, राष्ट्रिय व्यापारी र अन्य

सबै देशभक्त र प्रजातान्त्रिक शक्तिलाई जनवादी क्रान्तिका मित्रशक्तिको रूपमा लिइएको छ । अन्तराष्ट्रिय रूपमा समाजवादी राष्ट्रहरू, विभिन्न जनवादी आन्दोलन र स्वतन्त्रताका सङ्घर्षलाई मित्रशक्ति मानिएको छ । क्रान्तिका आधारभूत शक्तिको रूपमा भूमिहीन किसान र गरिब किसान वर्गलाई निश्चित गरिएको छ । दुश्मनशक्तिको रूपमा सामन्तवाद, भारतीय एकाधिकारवाद र अमेरिकी साम्राज्यवादलाई निश्चित गरिएको छ । उक्त दस्तावेजमा जनवादी क्रान्तिका आधारभूत नीति कृषि, उद्योग, परराष्ट्र र सामान्य अन्तर्गत समाविष्ट गरी समृद्ध गरिएको छ । यही नीतिले चौथो महाधिवेशनलाई पनि दिशानिर्देश गरेर लिएको थियो (रातो तरबार, २०५९ : ४) । तात्कालिक राजनीतिक प्रस्तावमा पार्टीको कार्यदिशा प्रस्तुत गरिएको थियो । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त र देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने दुई कार्यनीतिको कार्यदिशा अबलम्बन गरिएको थियो । देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारमा जोड दिइएको थियो र जनसङ्घर्षलाई सङ्घर्षको प्रधान रूप मान्ने कार्यदिशा अबलम्बन गरिएको थियो (रातो तरवार, २०५९ : ९-११) ।

केन्द्रीय न्यूक्लस भन्दा अगाडि पनि कार्यदिशाबारे ठुलाठुला विवाद भएका थिए । दोस्रो महाधिवेशनमा गणतन्त्र वा राजतन्त्र ? को प्रश्नले वहसको मुख्य स्थान लिएको थियो । दरभंगा प्लेनममा पुष्पलाल, रायमाझी र मोहनविक्रम सिंहका बेग्लाबेग्लै कार्यदिशाका प्रस्ताव टकराएका थिए र मोहनविक्रम सिंहको संविधानसभाको चुनावको प्रस्ताव बहुमतले पारित भएको थियो । तेस्रो महाधिवेशनमा पनि तुल्सीलाल, पुष्पलाल र मोहनविक्रमका ३ बेग्लाबेग्ला प्रस्तावका बिच टक्कर परेको थियो र तुल्सीलालको राष्ट्रिय प्रजातन्त्रको कार्यदिशा पारित भएको थियो । पछि यही कार्यदिशाको जगमा नेकपामा विभाजन भएर विभिन्न समूह अस्तित्वमा आएका थिए । त्यसरी अस्तित्वमा आएका समूह मध्ये केन्द्रीयन्यूक्लसले राजतन्त्र र पञ्चायती व्यवस्थाको विरुद्धको सङ्घर्षलाई कार्यदिशा बनायो र त्यसमा कम्युनिस्ट पार्टीको क्रान्तिकारी पहलकदमी हुनुपर्नेमा जोड दियो ।

## विभिन्न राजनीतिक शक्तिको विश्लेषण

राजनीतिक शक्तिले सामाजिक वर्गीय प्रवृत्तिको प्रतिनिधित्व गर्दछन् ।समाजमा दुई विपरित प्रवृत्ति सहितका वर्ग अस्तित्वमा रहेका हुन्छन् भन्ने कम्युनिस्ट मान्यतालाई केन्द्रीय न्यूक्लसले दृढतापूर्वक समर्थन गरेको थियो । त्यसकारणले कुनै राजनीतिक संगठनले आफ्नो राजनीतिक कार्य गर्दा कुनै एउटा वर्गलाई आधार मान्ने गर्दछ र त्यस अनुसार वर्गीय स्वार्थको प्रतिनिधित्व गर्दछ भन्ने मान्यतालाई पछ्याएर विभिन्न राजनीतिक शक्तिसितको सम्बन्धलाई प्रष्ट गरेको थियो । त्यसबेला अस्तित्वमा रहेका राजनीतिक शक्तिमा राजा, नेपाली काँग्रेस, नेकपा विभाजित भएपछिका पुष्पलाल समूह, तुल्सीलाल समूह, रायमाझी समूह, केन्द्रीय न्यूक्लस, आदि प्रमुख थिए । राजा, नेपाली काँग्रेस, पुष्पलाल समूह र रायमाझी समूह बिचको सम्बन्ध र विरोधलाई केलाएर राजनीतिक शक्तिको विश्लेषण गरिएको छ । तुल्सीलाल समूहबारे यस दस्ताबेजमा उल्लेख भएको पाइएन । तत्कालीन राजनीतिक व्यवस्था राजाको प्रत्यक्ष शासनमा चलेको पञ्चायती व्यवस्था थियो । यस व्यवस्थामा राजनीतिक दलहरूमाथि प्रतिबन्ध हुनाको साथै पञ्चायती व्यवस्था विरुद्ध कुनै गतिविधि गर्न पाइँदैन्थ्यो । त्यसैले यो समाज बन्द हुनाको साथै मौलिक अधिकारविहीन राजनीतिक व्यवस्था थियो । यो अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलनले कुन शक्तिका विरुद्ध सङ्घघर्षलाई केन्द्रित गर्ने प्रश्न महत्त्वपूर्ण थियो । त्यस अनुसार केन्द्रीय न्यूक्लसले राजनीतिक शक्तिप्रति आफ्नो नीति स्पष्ट गरेको थियो ।

केन्द्रीय न्यूक्लसको विश्वास नेकपाको पुनर्निर्माणमाथि रहेको थियो । त्यसरी पुनर्निर्माण गरिएको नेकपाले नै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद, साम्यवादको लक्ष्यतर्फ बढ्न सक्छ भन्ने विश्वास गरिएको थियो । त्यसैले नेकपाले राष्ट्रिय क्रान्तिको नेतृत्व गर्न सक्दछ र स्वयंलाई राष्ट्रिय शक्तिको रूपमा परिणत गर्न सक्दछ भन्ने विश्लेषण गरिएको थियो (रातो तरबार, २०५९ : १९) ।राष्ट्रिय प्रजातन्त्रको सिद्धान्तलाई पुष्पलालले संशोधनवादी बताएका थिए । त्यसपछि गठित भएको न्यूक्लसले पनि उक्त सिद्धान्तलाई संशोधनवादी बताएको छ । यसलाई नवसंशोधनवादको रूप भएको उल्लेख गर्दै पुँजीवादी वा संसदीय प्रणाली अन्तर्गत शान्तिपूर्ण तरिकाले समाजवादतिर सङ्क्रमण सम्भव छ । यसले रणनीतिका रूपमा उक्त कुरा मान्दैन तर कार्यनीतिका रूपमा पुँजीवादी वा संसदीय प्रणालीलाई स्वीकार गर्छ । मूलतः यही अर्थमा रायमाझी संशोधनवादी र पीएल नव-संशोधनवादी हुन् भन्ने निष्कर्ष दिइएको छ (रातो तरबार, २०५९ : २९) ।

राजापरस्त भनिएका रायमाझीलाई संशोधनवादी रकाँग्रेसलाई मित्रशक्ति स्वीकार गरेका पुष्पलाललाई नव संसोधनवादी भनेर विश्लेषण गरेको छ । पुष्पलालले जनवादी कार्यक्रमको कुरा गरेको भएपनि व्यवहारमा नेकासितको मित्रसम्बन्धको कार्यनीतिले उनको स्थितिलाई बढी स्पष्ट गर्दछ । न्यूक्लसले व्यवहारिक रूपमा निर्णयात्मक कुरा कार्यनीति हुन्छ भन्ने निष्कर्ष दिएको थियो (रातो तरबार, २०५९ : २९) । सिद्धान्ततः न्यूक्लसले रायमाझी र पुष्पलालसम्बन्धी गरेको विश्लेषण सही भएपनि यो दृष्टिकोण कालान्तरमा रायमाझीका हकमा पूर्ण रूपमा लागू भएपनि पुष्पलालको हकमा लागू भएन । पुष्पलालले मृत्युपर्यन्त जनवादी कार्यक्रमप्रति प्रतिवद्धता दर्शाएका थिए । उनले काँग्रेसलाई प्रजातान्त्रिक शक्तिको रूपमा बुझेर त्यसलाई मित्र शक्तिको रूपमा लिएकोले न्यूक्लसले भने झैँ उनी नवसंशोधनवादी हुन् कि भन्ने शङ्का उत्पन्न भएपनि अहिलसम्म त्यसको पुष्टि भएको छैन ।

राजनीतिक शक्तिको विश्लेषणअन्तर्गत मुख्य गरी राजा र नेकाबारे नै व्याख्या र विश्लेषण गरिएको छ । यी दुई शक्तिलाई हेर्ने दृष्टिकोणको आधारमा पुष्पलाल र रायमाझीबारे विश्लेषण गरिएको छ । राजालाई सामान्तवादको नाइकेको रूपमा र नेकालाई त्यसको सहयोगी संस्थाको रूपमा हेरेर ती दुबैलाई समान दुश्मनको रूपमा हेरिएको छ । काँग्रेसको प्रजातन्त्रमा राजा पनि अटाउने भएकोले राजाको वफादारी शक्तिको रूपमा नेका नै अग्रभागमा रहने भएकोले समान दुश्मनको रूपमा राखिएको थियो । वर्गीय पक्षधरताको प्रवृत्तिलाई विश्लेषण गरेर राजा र नेकालाई क्रान्तिको दुश्मन शक्ति मानिएपनि विरोधको प्रकृति र स्वरूप बेग्लाबेग्लै हुने कुरा पनि यस दस्तावेजमा स्पष्ट गरिएको छ । त्यस अनुसार राजाको तुलनामा नेकासितको सम्बन्ध अलि नजिक हुने कुराको पनि सङ्केत गरिएको छ (रातो तरबार, २०५९ : २५) । न्यूक्लसले सारमा नेकालाई सम्पूर्ण रूपमा प्रजातन्त्रको विरोधी बताएपनि राजाको जस्तो निरङ्कुश संस्था र शक्तिको रूपमा नभएर प्रजातन्त्रको कुरा गर्ने र राजाको वफादारी शक्तिको रूपमा नै अर्थ्याएकोले नेकासितको सम्बन्ध राजाको भन्दा नजिक छ । किनभने प्रजातन्त्रको लागि निरङ्कुश राजसंस्था भन्दा प्रजातन्त्रको कुरा गर्ने शक्ति नै नजिक हुने कुरा स्पष्ट छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको व्याख्या

तत्कालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विशेषतालाई व्यवस्थिति प्रकारले व्याख्या गर्ने काम केन्द्रीय न्यूक्लसले गरेको थियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको ठोस व्याख्या गरेर तत्कालीन कार्यदिशा

निश्चित गर्ने काम पहिलेको तुलनामा यो बढी व्यवस्थित भएको थियो । विश्व राजनीतिक व्यवस्थाको राष्ट्रिय राजनीतिमा परेको प्रभाव, विश्व आर्थिक व्यवस्थाका असर तथा विचारका ध्रुवबारे गहन र ठोस विश्लेषण गर्ने परम्परालाई यसले थप सुदृढ गरेको थियो । तत्कालीन समाजवादी र पुँजीवादी राष्ट्रको आर्थिक र भौतिक उन्नति र विकासबारे चर्चा गर्नुको साथै त्यसका विश्वव्यापी प्रभावबारे विश्लेषण गरिएको थियो । विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेका संशोधनवाद, अवसरवाद, सुधारवाद जस्ता विभिन्न प्रवृत्तिको विश्लेषण गर्नुको साथै तिनीहरूले कम्युनिस्ट आन्दोलनलाई पुऱ्याउने क्षतिको बारेमा स्पष्ट दृष्टिकोण अगाडि सार्ने काम भयो । अमेरिकी साम्राज्यवादप्रतिको नेकपाको सुरूदेखिको दृष्टिकोणलाई थप सुदृढ गर्ने काम भयो । नेपाली क्रान्तिको प्रधान दुश्मनको रूपमा घरेलु सामन्तवाद तथा भारतीय विस्तारवाद र विश्व स्तरमा अमेरिकी साम्राज्यवादसित प्रधान अन्तर्विरोध हुने कुरा यसमा व्याख्या गरिएको छ (रातो तरबार, २०५९ : १२-१७) ।

## नेकपाभित्र देखापरेका भड्कावको विश्लेषण

यस दस्तावेजमा पार्टीमा विभाजन ल्याउने तत्वको खोजी गर्ने प्रयास भएको छ । पार्टीभित्र रहिरहन नचाहने तत्त्वले, गलत विचारको सिकार हुने पङ्क्ति, वर्गीय दुश्मन आदिले कम्युनिस्ट पार्टीभित्र भड्काव पैदा गराउने प्रयत्न गर्दछन् । त्यसरी आउने भड्काव वैचारिक, सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक मध्ये कुनै पनि हुन सक्दछ । राजापरस्त सोचाइ, विसर्जनवाद, संशोधनवाद, नवसंशोधनवाद, संकीर्णवाद, अराजकतावाद, उग्रवामपन्थ, ट्रेड युनियनवाद, कानुनी मार्क्सवाद, अवसरवाद आदि कम्युनिस्ट आन्दोलनभित्र आउने भड्काव हुन् (रातो तरबार, २०५९ : ३०) । रायमाझीका अवसरवादी र राजापरस्त सोचाइ, टीएलको कुन बाटो, पीएलको मूलबाटोलाई फुटवादी भड्कावका रूपमा व्याख्या गरिएको छ (रातो तरबार, २०५९ : ३४) ।

केन्द्रीय न्यूक्लसको विभिन्न पक्षको भड्काव सम्बन्धी विश्लेषण सही वा गलत जे भएपनि नेकपाभित्र भड्काव आएकोले नै पार्टी तितरवितर बन्न गएको थियो । त्यसको कारण समेत पहिल्याएर भड्कावका आधार र विभिन्न पक्षको स्थितिबारे यो दस्ताबेजले वयान गर्दछ ।

## निष्कर्ष

तेस्रो महाधिवेशनपछि नेपालको कम्युनिस्ट आन्दोलन चरम विभाजन तर्फ उन्मुख भयो । त्यो बेलामा विभिन्न समूह पैदा हुने सिलसिला चलेको थियो । त्यही प्रकारको अवस्थामा केन्द्रीय न्यूक्लसको उद्भव भयो । जेलबाट छुटिसकेपछि मनमोहन, मोहनविक्रम, शम्भुराम, निर्मल लामा लगायतले यसको गठन गरे । फुट, विभाजन र परित्यागबाट यो पनि अछुत रहन सकेन । यद्यपि नयाँ जनवादी क्रान्तिको कार्यक्रम, कार्यदिशा, राजनीतिक शक्तिको विश्लेषण, राष्ट्रिय रअन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिको विश्लेषण तथा नेकपाभित्र देखा परेका भड्कावहरूको विश्लेषण गरेर यसले आफ्नो राजनीतिक कार्यदिशाको निर्धारण गऱ्यो । यही राजनीतिक र सैद्धान्तिक कार्यका कारणले भविष्यमा यो नेपाल कम्युनिस्ट आन्दोलनको एउटा महत्त्वपूर्ण र अलग धार बन्न गयो । तितरवितर भएको नेकपालाई एकीकृत गर्ने उद्देश्यले गठन भएको यो न्यूक्लस त्यस कार्यमा पूर्ण रूपले सफल नभएपनि चौथो महाधिवेशन गरेर बलियो सङ्गठन र जनाधार भएको नेकपा गठन गर्न सफल भएको थियो । यो धारा कालन्तरमा अनेक घटकमा विभाजित भएको भएपनि न्यूक्लस गठन हुँदा बेलाको परम्परालाई निरन्तरता दिइरहेका पक्ष पनि उपलब्ध रहेका छन् । आजको स्थिति जेसुकै भएपनि नेपालको कम्युनिस्ट आन्दोलन नराम्रोसँग विभाजित भएको अवस्थामा केन्द्रीय न्यूक्लसले सिद्धान्त, राजनीति र सङ्गठनको क्षेत्रमा खेलेको भूमिका ऐतिहासिक महत्त्वको छ ।

## सन्दर्भसामग्रीसूची

अधिकारी, डीपी (२०८०). *डीपी अधिकारीका राजनीतिक रचना.* सुरेन्द्र के.सी. (सम्पा.). काठमाडौ : ओरिएन्टल पब्लिकेशन ।

के.सी. सुरेन्द्र (२०५६). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहासपहिलो भाग.* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, तीर्थ (२०५३). *सिद्धान्त र एकताका नाउँमा चलेको फूटको कम्युनिस्ट राजनीति.* काठमाडौ टुडे, वर्ष १, अङ्क ८ ।

जोशी, चन्द्रदेव (२०७८). *मार्क्सवाद र विश्व-कम्युनिस्ट आन्दोलन.* काठमाडौ : इण्डिगो इन्क प्रा. लि. ।

नेपाल कम्युनिस्ट पार्टी (मसाल) (२०५९). *रातो तरबार.*काठमाडौ : नेपाल कम्युनिस्ट पार्टी (मसाल) केन्द्रीय कार्यालय ।

न्यौपाने, लेखनाथ (२०७५). *सङ्घर्षको इतिहास (अखिल ज्ञान भाग-२).* काठमाडौ : अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय समिति ।

पुष्पलाल (२०८०). *नयाँ जनवादी कार्यक्रम (पाण्डुलिपि).* काठमाडौ : मधुवन प्रकाशन ।

पोखरेल, राजकुमार (सन् २००७). अ जर्नी अफ द कम्युनिष्ट्स् अफ नेपाल. झापा : मासलाइन पब्लिकेशन प्रा.लि. ।

भट्टराई, शार्दूल (२०५३). नेकपा (एमाले) भित्रको विवाद कति सैद्धान्तिक कति असैद्धान्तिक.*एक्काइसौँ शताब्दी.* वर्ष १, अङ्क ३ ।

शर्मा, ऋषिराम (२०७२). *मार्क्सवादी दर्शन र नेपालको कम्युनिस्ट आन्दोलन.* अनुल्लिखित : गीता शर्मा ।

श्रेष्ठ, भक्तबहादुर (२०७१). *सङ्कलित रचनाहरू भाग २.* काठमाडौ : भक्तबहादुर स्मृति प्रतिष्ठान ।